सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
धनगढी, कैलाली

प.सं. ०७९/०८०
च.नं ३०८

मिति:-२०८०/०२/२२

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
धनगढी, कैलाली, नेपाल
२०७५

श्री स्थानिय तह (सबै)
सुदूरपश्चिम प्रदेश।

विषयः सुचना टाँस सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस निर्देशनालयको आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम "ठुला होटल, रिसोर्ट, केवलकार जस्ता पर्यटकीय उद्योगहरुलाई बैंक ऋणमा ब्याज अनुदान" का लागि सिलबन्दी प्रस्ताव माग गर्ने सम्बन्धी यसै साथ संलग्न सूचना तहाँ कार्यालयको सूचना पाँटीमा टाँस गरि सो को जानकारी यस निर्देशनालयमा पठाउन हुन अनुरोध छ।

2080/2/22

धर्मराज जोशी
(नि. निर्देशक)

धर्मराज जोशी
नि निर्देशक

☎ सम्पर्कः ०९१-५२०५१३
vw.diccw.sudurpashchim.gov.np, ✉ udyognirdeshanalaya.kailali@gmail.com

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
धनगढी, कैलाली

## ठुला होटल, रिसोर्ट, केवलकार जस्ता पर्यटकीय उद्योगहरुलाई बैंक ऋणमा ब्याज अनुदान सम्बन्धी प्रस्ताव आह्वानको सूचना

(सूचना प्रकाशन मितिः २०८०/०२/२२)

यस निर्देशनालयको आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम **"ठुला होटल, रिसोर्ट, केवलकार जस्ता पर्यटकीय उद्योगहरुलाई बैंक ऋणमा ब्याज अनुदान"** का लागि सिलबन्दी प्रस्ताव माग गर्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम यस प्रदेशस्थित घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई संचालनमा रहेका तथा कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम योग्यता पुगेका वा शर्तहरु पुरा गरेका उद्यमीहरुले आवश्यक कागजात संलग्न राखी यस निर्देशनालयमा यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा शिलबन्दी प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावकले पेश गर्नुपर्ने कागजात तथा निवेदनको ढाँचा यस निर्देशनालयको वेबसाईट diccw.sudurpashchim.gov.np बाट डाउनलोड गरी प्रस्ताव पेश गर्नहुन अनुरोध गरिन्छ । विस्तृत जानकारिको लागि यस निर्देशनालयको सम्पर्क नं ०९१-५२०५१३, ९८५८४७७९२८ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**प्रस्तावकले पेश गर्नुपर्ने कागजातहरूः**

१. नागरिकताको प्रमाणपत्र, उद्योग दर्ताको प्रमाण पत्र, नवीकरण, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर प्रमाण पत्र र आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्र ।
२. उद्योग सञ्चालनमा रहेको भवन वा जग्गाको स्वामित्व आफ्नै भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि, एकाघरको परिवारको सदस्यको भएमा घरधनी र उद्यमी बीचको नाता खुल्ने कागजात साथ दुवैको नागरिकताको प्रतिलिपि र भाडामा लिएको भएमा कम्तिमा पाँच वर्ष सम्झौता अवधि रहेको सम्झौतापत्रको प्रतिलिपि साथै जग्गाधनीको नागरिकताको प्रमाणपत्र र जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।
३. स्थानीय तहको सिफारिस पत्र।
४. उद्योगको गत २ आ.व. को लेखापरीक्षण प्रतिवेदन ।
५. प्रस्तावित जनशक्तिको शैक्षिक योग्यता एवं उद्योगसंग सम्बन्धित कुनै तालिम वा अनुभव लिएको भएमा सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
६. व्याज अनुदानका लागि बैङ्कबाट ऋण लिएको र ब्याजको दर खुल्ने कागजातहरु।
७. ऋणी र बैंकबीच भएको सम्झौतापत्र तथा ऋणीले बैंकबाट लिएको ऋणको हुन आउने वार्षिक व्याज रकम खुलाएको कागज तथा बैंक स्टेटमेण्ट ।
८. प्रस्तावकले कार्यक्रम कार्यान्वयन कार्यविधिको अनुसूची ४ मा उल्लिखित आधारहरु खुलाएर प्रस्ताव पेश गर्नुपर्नेछ ।

**प्रस्तावको प्रत्येक पानामा प्रस्तावकले अनिवार्य फर्मको छाप र हस्ताक्षर गर्नुपर्नेछ ।**

२०८०/२/२२

धर्मराज जोशी
नि निर्देशक